

# मयुरको भुइँचालो


लेखक
ध्रुव घिमिरे

चित्राङ्कन कर्ता
रिड मिडिया



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



"लौन नि, मेरो घर त भासियो । भुइँचालो आयो ।", मयुर फुलै छोडेर कराउँदै दौड्यो ।



“भुइँचालो आयो। भुइँचालो आयो। मेरो घर भासियो।”, मयुरले उड्दै सबैलाई सुनायो।




यो खबर लुइँचेले सुन्यो। उसले हाँस काकीलाई भन्यो । काकीले बकुल्लालाई भनिन् । एकले अर्कालाई सुनाए ।




यो कुरा पत्याउने मदत गर्न आए। नपत्याउने कुरा बुझ्न आए। सबै मयुरको घरअगाडि जम्मा भए।



कुरो सही रहेछ ।
मयुरको घर त भासिएकै रहेछ ।



"ए बुढा, चल्लाहरूलाई खुला ठाउँमा निस्क भन्यौ के ?", पोथीले भालेलाई भनी ।



"घरभित्रै बस्ने मानिसको बच्चा हो र ? हामी त खुलै ठाउँमा छौँ नि। यिनी पनि के कुरा गर्छिन् ।", भाले करकरायो ।



"यो भुइँचालो गएको होइन। भुइँचालो गयो भने सबै जमिन नै हल्लिन्छ। कुनै जमिन त भासिन्छ पनि ।", बकुल्लाले भन्यो ।



"ऊ मयुरको घर त तलतिर जाँदै छ। यो अझै भासिँदै छ।", कागिनी भाउजूले भनिन्।



"लौ अब हाम्रो घर पनि भासिन सक्छ। हामी सबै सतर्क हुनुपर्छ। हैन, न्याउरी खै ? उसले थाहा त पायो के ?", हुटिट्याउँले भन्यो।



“न्याउरी खै ? न्याउरी खै ?”, एकले अर्कालाई सोधे। केही न्याउरीलाई खोज्न लागे। ‘न्याउरी, न्याउरी’ भनी सबैले बोलाए ।



"हजुर, हजुर, म यहाँ छु ।", न्याउरीको आवाज सबैले सुने । ऊ मयुरको घरमुनिबाट निस्कँदै थियो ।



"थाहा पायौ त मयुर ? तिम्रो घरको भुइँचालो त न्याउरी पो रहेछ । ऊ भित्रभित्र खन्दै रहेछ। तिम्रो घर भासिँदै जाँदो रहेछ।", हाँस काकीले भनिन् ।



“मैले जानेर त्यसो गरेको होइन । म त बालुवाभित्र आफ्नो घर बनाउँदै थिएँ । मबाट भुल भयो । मलाई माफ दिनुहोस् ।”, न्याउरीले भन्यो । उसले कान समात्यो ।



सबै चरा मिले । अर्को ठाउँमा मयुरको घर बनाइदिए । मयुरले सबैलाई धन्यवाद दियो । सबै आफ्ना आफ्ना घरतिर लागे ।